नं.६१ कोड नं.NAW/MU/01/04 फोन.६१९२५३५८७ मो.९८५५०७८४२५

# श्री देउराली सामुदायिक वन उपभोक्ता समूह

गैडाकोट ३,ढोडेनी,नवलपरासी (ब.सु.पू.)

## बोलपत्रद्धारा वन पैदावार लिलाम बिक्रि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१५)

नर बहादुर मुक्ली मगर
अध्यक्ष

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व.०८२/०८३ मा संकलन गरि घाटगद्दि गरिएको तपसिलमा उल्लेखित विवरण अनुसारको साल गोलिया,साल चिरान काठ,साल दाउरा र चाँप डुङ्गा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भएका गोलिया काठ चिरान गर्ने स : मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर उद्योग तथा प्लाई उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र प्रत्येक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र सामुदायिक वन समूहको कार्यालय वा श्री डिभिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

तपसिल :

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण :**

| लट नं. | जत | किसिम | ग्रेड | थान | परिमाण (घ.फि. / चट्टा) | प्रति ईकाई मूल्य रु. | न्यूनतम मूल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | साल | गोलिया | ए. | ९ | २११.७० | १२५०.०० | २६४६२५.०० | संकलन खर्च प्रति क्यु.फि रु १३६.४ थप लाग्नेछ । | साल गोलिया पाईल नं.३ |
| | | | बी | २५ | ३१०.०४ | ९००.०० | २७९०३६.०० | | |
| | | | सी. | २८ | १६१.३१ | ६००.०० | ९६७८६.०० | | |
| | | जम्मा | | ६२ | ६८३.०५ | | ६४०४४७.०० | | |
| २. | साल | गोलिया | ए. | १७ | ३२६.५७ | १२५०.०० | ४०८२१२.५० | संकलन खर्च प्रति क्यु.फि रु १३६.४ थप लाग्नेछ । | साल गोलिया पाईल नं.४ |
| | | | बी | २९ | ३८१.०९ | ९००.०० | ३४२९८१.०० | | |
| | | | सी. | ५२ | ४५२.९७ | ६००.०० | २७१७८२.०० | | |
| | | जम्मा | | ९८ | ११६०.६३ | | १०२२९७५.५० | | |
| ३. | साल | गोलिया | ए. | १२ | २५७.८६ | १२५०.०० | ३२२३२५.०० | संकलन खर्च प्रति क्यु.फि रु १३६.४ थप लाग्नेछ । | साल गोलिया पाईल नं.५ |
| | | | बी | ४० | ५३८.७६ | ९००.०० | ४८४८८४.०० | | |
| | | | सी. | ४८ | ३८६.५९ | ६००.०० | २३१९५४.०० | | |
| | | जम्मा | | १०० | ११८३.२१ | | १०३९१६३.०० | | |
| ४. | साल | गोलिया | ए. | १८ | ४३४.९३ | १२५०.०० | ५४३६६२.५० | संकलन खर्च प्रति क्यु.फि रु १३६.४ थप लाग्नेछ । | साल गोलिया पाईल नं.६ |
| | | | बी | ३५ | ४८५.८५ | ९००.०० | ४३७२६५.०० | | |
| | | | सी. | ३९ | २५४.३१ | ६००.०० | १५२५८६.०० | | |
| | | जम्मा | | ९२ | ११७५.०९ | | ११३३५१३.५० | | |
| ५. | साल | चिरान | ए. | २४२ | ५०६.४२ घ.फि.को गोलिया आयतन ७०८.९८ घ.फि. | १२५०.०० | ८८६२२५.०० | संकलन खर्च प्रति क्यु.फि रु ४७५ थप लाग्नेछ । | साल चिरान पाईल नं.१ |
| ६. | चांप | डुङ्गा | ए. | ३ | ७२९.३७ | ७००.०० | ५१०५५९.०० | संकलन खर्च प्रति क्यु.फि रु ६५२ थप लाग्नेछ । | चांप डुङ्गा पाईल नं.८ |
| ७. | साल दाउरा चट्टा | | | | १३ | १२०००.०० | १५६०००.०० | संकलन खर्च प्रति चट्टा रु १७००० थप लाग्नेछ | |
| कुल जम्मा | | | | ५९७ | ५६४०.३३ | | ५३८८८८३.०० | | |

**२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति,समय र स्थान :**

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८२/१०/०५ गते कार्यालय समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२/१०/०६ गते कार्यालय समय भित्र ।

बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

बोलपत्र खरिद तथा दाखिला गर्ने स्थान : सा.व.उ.स.को कार्यालय र डिभिजन वन कार्यालय नवलपुर।

नर बहादुर मुक्ती मगर
अध्यक्ष

बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैङ्क नारायणगढ स्थित समूहको खाता नं. १६२०१००००१३९३००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ६ महिना म्याद रहेको सक्कलै बैङ्क जमानत पत्र समावेश हुनुपर्ने छ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. बोलपत्रका लागि लट नं.१,५,६,७ को रु १,०००।- र लट नं.२,३,४ का लागि रु २,०००।-(पछि फिर्ता नहुनेगरि) तिरि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय,डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय सिमा भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थान गैडाकोट न.पा. ३ ढोडेनीमा गई हेर्न सकिनेछ।

६. लिलाममा भाग लिन इच्छुक काष्ठ व्यवसायी,संघ संस्था,फर्म वा कम्पनीका प्रोपाइटरले नेपाली नागरिकता प्रमाण-पत्र,फर्म दर्ता/नविकरण,सुचिकृतको प्रमाण पत्र,मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर,कर चुक्ताको प्रमाणपत्र प्रतिलिपी बोलपत्र साथ पेश गनुपर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

७. बोलपत्र खरिद गर्दा लट अनुसार छुट्टाछुट्टै बोलपत्र खरिद गरि प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र दाखिला गर्नुपर्ने छ र शिलबन्दि खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनुपर्नेछ।

८. श्री डिभिजन वन कार्यालय, नवलपुरमा दर्ता भएका शिलवन्दि बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस समूहको कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१०/०८ गते दिनको २:३० बजे साक्षीहरुको रोहवरमा खोलिने छ र सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०. लिलाम स्वीकृत भएको जानकारी कार्यालयको सूचना पाटिमा प्रकाशित गरिने छ। सो को जानकारी लिने दायित्व बोलपत्रदाताको रहने छ। बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितीले ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितीमा निहित रहनेछ।

१३. अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ।